# <u>पाणिनी ८ पाली</u>

नेपालको संविधान २०७२ अनुशार ३ तहको सरकार अन्तर्गत स्थानिय तह पनि एक हो । स्थानिय तहको कार्य सरल र सहज बनाउन भौगोलिक रुपमा विभाजन गरिएको हुन्छ जसलाई वडा भनिन्छ । पाणिनी गाउँपालिकामा पनि ८ वटा वडा रहेकोमा यो ८ नं वडा पाली हो ।  पुर्व मधुलेख देखि पश्चिम पाणिनी ७ को सिमाना सम्म पुर्व पश्चिम फैलिएको झट्ट हेर्दा नेपालको नक्सा सँग मिल्दोजुल्दो नक्सा भएको साविक पाली १ देखि ८ सम्म र चिदिका ९ नं वडा मिलि पाणिनी गाउँपालिका, वडा नं ८ पाली बनेको छ ।

पुर्वउत्तरमा छत्रदेव गाउँपालिका, पश्चिममा पाणिनी ७ अड्गुरी, दक्षिण पुर्वमा पाणिनी ३ खिदिम र दक्षिणमा पाणिनी ५ मैदान रहेको यसको क्षेत्रफल २०.७२ वर्ग कि मि रहेको छ । वि स २०७८ सालको अनुशार पुरुष १५९१ र महिला २१६५ गरी जम्मा जनसंख्या ३७५६ रहेको मा यहाँ ९९० घरधुरी रहेका छन् । विभिन्न धर्मसंस्कृति र जातजातिको बसोवास भएको यस क्षेत्रमा ब्राह्मणक्षेत्री ३२१, दलित ३१९ जनजाति २७६ र मुस्लिम ७४ घरधुरी रहेका छन् । यहाँ ब्राह्मण, क्षेत्री, मगर, नेवार, कुमाल, मुस्लिम, कामी, दमै, सार्की जाति हुनुको साथै हिन्दु, बौद्ध, इस्लाम र इसाइ धर्मावलम्बीको बसोवास रहेको छ । कोट दुर्गा मन्दिर(साविक ७), सुपादेउराली( साविक ८ खरीबोट), कालिका मन्दिर(साविक ८), छत्रको मन्दिर(साविक ५), शिवालय मन्दिर(साविक ५), दुर्गा मन्दिर(साविक २ थाम), दुर्गा मन्दिर(साविक १ बलेघाट), अमलेडाँडा मस्जित(साविक ३) थामथोक मस्जत, अर्भका मस्जित र खगडी मस्जित यहाँका धार्मिक स्थलहरु हुन । प्राकृतिक रुपमा धनी यस क्षेत्रमा दक्षिणमा इदिम खोला, दक्षिणपुर्वमा सिस्नेखोला, उत्तरपुर्वमा

सौरेखोला तथा रिडीखोला रहेको छ । उत्तर पाखोमा खेती गर्ने वेसी पाखाहरु छन भने दक्षिण पाखोमा भिराला वनपाखा र ससाना वेसीहरु रहेका छन त्यसैले होला यस क्षेत्रलाई पाली भनिएको । यहाँ राष्ट्रिय वन र सामुदायिक वनमा चराचुरुङ्गी, चितुवा, बदेल, रातो, बादर तथा अन्य जनावरहरु रहन्छन । यहाँ ६ वटा विद्यालयहरु रहेकोमा कमला माध्यमिक विद्यालय, अर्भका आधारभुत विद्यालय, बाबुराम आधारभुत विद्यालय, बलेघाट आधारभुत विद्यालय, भानु आधारभुत विद्यालय र कोट आधारभुत विद्यालय रहेका छन । पाली स्वास्थ्य चौकी साविक २ मा निर्माणाधिन छ भने पाली प्रहरी चौकी साविक ८ मा आफ्नै नयाँ भवनमा रहेको छ र वडा कार्यालयको आफ्नै भवन नहुदा हाल साविक ५ मा रहेको छ । घुम्ती पाल्पा सडकले पुर्व देखि पश्चिम सम्म पाणिनी ८ पालीलाई बिचमा काटेर जानुको साथै ढोरपाटन राजमार्जले पनि बिचबाट काटेको छ र गुल्मी फास्ट ट्र्याकले पनि पश्चिमी भागमा थोरै क्षेत्र काटेर गएको छ। कुडुले खेल मैदान र पातलढुङ्गा पिक्निक स्पोर्ट यहाँका पर्यटकिय स्थल हुन ।